मन्थली नगरपालिका

नगरसभाको १९ औ अधिवेशन (बजेट अधिवेशन) मा

**नगर प्रमुख श्री लब श्रेष्ठबाट** प्रस्तुत गरिएको

# आर्थिक बर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

**मन्थली नगर कार्यपालिकाको कार्यालय**

मन्थली रामेछाप

८ असार २०८३

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

मन्थली नगरपालिकाको नगरसभाको १९ औं अधिवेशनमा उपस्थित उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, लगायत सबै कर्मचारीहरु, पत्रकार मित्रहरु र रेडियो सुनिरहनु भएका सम्पूर्ण नगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक नमस्कार गर्दछु ।

मन्थली नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम नगरसभाको १९औं अधिवेशनमा पेश गर्न पाउँदा मलाई हर्ष र गौरवको अनुभूति भएको छ । यस अवसरमा म राजनैतिक आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु । साथै, लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्न र स्थानीय सरकारको सवलता कायम गर्न योगदान गर्नु हुने अग्रज एवं सम्पूर्ण नेपाली दिदीवहिनी र दाजुभाइहरुमा सम्मान व्यक्त गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान बमोजिम गठित संघ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकार जन अपेक्षा प्राप्तिका लागि समन्वय, सहकार्य र सहअस्तित्वको सिद्दान्त अनुरुप क्रियाशिल रहेका छन् । हाम्रो नीति तथा कार्यक्रम" समृद्ध मन्थली सुखी नगरबासी" को लक्ष्य हासिल गर्ने गरी केन्द्रित गरिएको छ । सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वधार, पर्यटन, रोजगार तथा सामाजिक विकासका क्षेत्रहरुलाई प्राथमिकता दिएर कार्यक्रम तर्जुमा गरिएको छ ।

नेपाल सरकारले परिकल्पना गरेको दीर्घकालिन सोँच- **समृद्ध नेपालः सुखी नेपाली** र मन्थली नगरपालिकाको ***शिक्षित, स्वस्थ र व्यवसायिक शहरः उत्थानशील र समृद्व मन्थली नगर*** भन्ने सोचलाई टेवा पुग्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

प्राप्त स्रोत र साधनको यथोचित वितरण तथा समुचित उपयोगका लागि हामी जनप्रतिनिधिहरु आजको यस गरिमामय सभामा सहभागी छौं । चालु आ.व ०८२/०८३ मा नगरपालिकाबाट सञ्चालित विकास कार्यक्रम र सेवा प्रवाहका समग्र पक्षमा सकारात्मक प्रभाव देखिएको छ । विगत आ.व. हरुमा **LISA,FRA,LED** जस्ता प्रणाली मार्फत कार्य सम्पादन मूल्यांकन गर्ने संघीय एवं प्रदेशस्तरीय निकायबाट विषयगत विधामा प्रतिस्पर्धा हुँदा मन्थली नगरपालिका समग्र क्षेत्रमा उत्कृष्ट हुँदै आएको छ । आ व ०८२।०८३ बाट स्थानीय सरकार कार्य सम्पादन स्वमुल्यांकन **(LGPAS)** सुरु गरिएको र यस मूल्याङ्कनमा हाम्रो नगरपालिकाले ८१.७० अंक माग दाबी सहित भएका कामहरुको प्रगति विवरण पेश गर्न सक्नु उत्कृष्ट नगरपालिका भएको प्रमाण मान्न सकिन्छ । त्यसै गरि नेपाल नगरपालिका संघले समेत आ.व.०८१।०८२ मा देश भरीका नगरपालिकाहरुको ५ वटा विषयगत क्षेत्रको कार्यसम्पादन मूल्याङ्कन प्रतिस्पर्धामा गराईएकोमा हाम्रो नगरपालिकाले गरेको कामलाई आर्थिक विकास क्षेत्रमा उल्लेख्य र नतिजामूलक कार्य गरेको भनि उत्कृष्ट नगरपालिका पुरस्कार २०८२ बाट पुरस्कार एवम् सम्मान समेत गरेको छ ।

यसबाट प्राप्त प्रतिफलका आधारमा तयार गरिएको प्रस्तुत नीति आवश्यक छलफल गरी यो सभाको अधिवेशनबाट पारित गराई कार्यान्वयन गर्न नगरसभाका सबै सदस्यज्यूहरुको रचनात्मक सुझाव सिर्जनात्मक भूमिकाको अपेक्षा राखेको छु ।

**यस नगरपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका आधारहरु लिइएको छ ।**

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहको वजेट तर्जुमा दिग्दर्शन, २०७४
- दीगो विकास लक्ष्य, २०१६-२०३०,
- सोह्रौ योजना (२०८१/०८२, २०८५/०८६)

नेपाल सरकार तथा वागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम साथै नगरपालिका आफैले गरेका आवधिक समीक्षा र सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरु, नगरपालिकाका ऐन, नियम, कार्यविधि र निर्देशिकाहरुको साथै जिल्ला समन्वय समिति, सबै राजनैतिक दल, निवर्तमान तथा पूर्व जनप्रतिनिधि, पत्रकार पत्रकार नागरिक समाज, अग्रज नागरिकहरु समेतबाट प्राप्त सुझाव र विभिन्न ऐन र नियममा भएका व्यवस्था अनुसार बिषयगत समितिको सुझाव र निर्णय अनुसार सभाको अध्यक्षको हैसियतले मैले आ.व. २०८३/०८४ को नीति तयार गरी सभामा पेश गर्दैछु।

उल्लेखित कानूनी र नीतिगत व्यवस्थालाई आधारको रुपमा लिई क्रमागत आयोजनाको निरन्तरता, वडा र अन्य निकायसँग लागत साझेदारी, पूर्वाधार निर्माण, बालमैत्री स्थानीय शासनयुक्त नगरको दिगोपना, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा पर्यटन, विपद व्यवस्थापन, रोजगारी सिर्जना, लक्षित वर्गका कार्यक्रमहरु र सुशासन प्रवर्द्धनलाई प्राथमिकता दिदै नागरिकको सहभागिता जुटाउन, निगरानी र खवरदारी समेत गर्ने गरी सार्वजनिक सरोकारको विषयमा नगरपालिकालाई आवश्यक सल्लाह सुझावको अपेक्षा सहित आगामी आ.व. २०८३/०८४ को लागि नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

**नगरसभाका सदस्यज्यूहरु,**

अब म आगामी आ.व.२०८२/०८३ मा नगरपालिकाले लिने विषय क्षेत्रगत **नीति तथा कार्यक्रम** प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तुत गरिएका नीतिहरु मध्ये अधिकांश **नीतिहरु नगरको कार्यक्रम बजेटबाट व्यवस्था हुने गरी र केही नीतिहरु** संघ तथा प्रदेश सरकार र अन्य निकायको सहकार्य र समन्वयमा हुने गरी प्रस्ताव गरेको छु।

## १. सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास र सुशासन तर्फः

### क. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

१. नगरपालिका, वडा तथा स्वास्थ्य संस्थाहरुमा केन्द्रिय ई-हाजिरी प्रणाली जडान भई लागु भई सकेको अवस्थामा कक्षा ६ भन्दा माथि सञ्चालनमा रहेका विद्यालयहरुलाई ई हाजिरी प्राणालीमा आवद्ध गरिने छ।

२. नरपालिकाकाका सबै वडाहरुमा एकिकृत घुम्ती सेवा शिविर संचालन गरी नागरिकलाई स्थानीयस्तरबाट नै सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. कार्यालयबाट सम्पादित विकास व्यवस्थापन र सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमहरुको प्रकाशन तथा प्रसारण नगरपालिकाको वेबसाईट, फेसबुक पेज तथा आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमबाट आम नागरिकसम्म सूचनाको पहुँच पुर्याउने कार्यलाई निरन्तरता दिइनेछ।

४. जनप्रतिनिधि र कर्मचारीलाई अन्तर निकायको समन्वय र साझेदारीमा आवश्यकताको आधारमा क्षमता विकास गर्दै लगिनेछ।

५. कर्मचारीहरुको योग्यता, क्षमता र अनुभवका आधारमा उपयुक्त जिम्मेवारी दिइनेछ र आवश्यकता अनुसार अन्तर शाखा, वडा कार्यालयमा समेत व्यवस्थापन गरिनेछ।

६. नगरपालिकाबाट सञ्चालित प्रमुख आयोजना, कार्यक्रम र सेवा प्रवाहको प्रगति अवस्थाका बारेमा आन्तरिक तथा बाह्य पक्षबाट समेत अनुगमन तथा मूल्याङ्कन गराईनेछ।

७. कार्यालयका जिन्सी सामानहरुको संरक्षण, अभिलेखिकरण गर्ने तथा पुराना मालसामानहरुको मर्मत तथा लिलाम- बिक्री प्रकृया अगाडि बढाइनेछ। नगरपालिका कार्यालय र अन्तर्गतका सवै कार्यालयको जिन्सी मालसामानको अभिलेखलाई डिजिटाईज गर्दै लगिनेछ।

८. संघ, प्रदेश र अन्तर स्थानीय तह तथा विकास साझेदार निकायहरु बीच साझा र द्विपक्षीय लाभका विषयमा साझेदारी कार्यक्रम गर्दै लगिनेछ।

९. बिभिन्न विधामा उत्कृष्ठ योगदान गरी नगरको विकासमा उल्लेख्य योगदान, पुर्याउने ब्यक्ति, संस्था र उत्कृष्ट अंक प्राप्त गर्ने मध्ये तोकिएका विद्यार्थीलाई नगरपालिकाबाट कदर तथा सम्मान गरिनेछ।

१०. नगरपालिकाको आवधिक नगर विकास योजना, संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य यसै आ व मा सुरु गरिने छ।

११. नगरपालिकामा कार्यरत कर्मचारिहरुलाई यसै आ व बाट योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराईने छ।

१२. स्थानीय सञ्चार माध्यममा उपलब्ध गराउने विज्ञापनलाई एकद्धार प्रणालीमा लगिने छ।

**ख. आन्तरिक आय संकलन र व्यवस्थापन**

१३. वडा कार्यालयवाटै राजश्व संकलन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ । करको दरभन्दा दायरा विस्तारलाई प्राथमिकता दिइ करदाता शिक्षालाई वडास्तरसम्म विस्तार गरिनेछ।

१४. नगरपालिकाभित्र रहेका सरकारी, सार्वजनिक स्वामित्वमा रहेका जग्गामा साविकमा निर्मित संरचनाहरुहरुलाई करको दायरामा ल्याईनेछ।

१५. सार्वजनिक जग्गामा नीति विपरीत व्यक्तिले बनाएका घर, टहरा र खेति गरिएका स्थानहरुको पहिचान गर्न छुट्टै अध्ययन कार्यदल वडाको समन्वयमा गठन गर्न पहल गरिने छ।

१६. नगरक्षेत्र भित्रका ब्यापार व्यवसाय, बैंक वित्तिय संस्थाहरु, उद्योग, फर्म, गैसस, सहकारी, सामुदायिक संघसंस्थालाई अनिवार्य दर्ता तथा नवीकरण गराई ब्यवसाय/संस्थाको आकार, प्रकृति, उद्देश्य, कारोवार तथा वातावरणमा पर्ने प्रभाव समेतका आधारमा करका दर हरु निर्धारण गरिनेछ।

१७. महिला र अपाङ्गता भएका ब्यक्तिहरुको नाममा दर्ता भएका व्यवसायहरुलाई तोकिएको व्यवसाय करमा १०%छुट दिने कार्यलाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ। नयाँ दर्ता गर्न आउने व्यावसायहरुलाई करमा १०% छुटको व्यवस्था गरिने छ।

१८. न्यूनतम घरवहाल कर संकलन कार्यलाई प्रभावकारी बनाइनेछ। असोज मसान्तसम्म एकमुष्ट वार्षिक बहाल कर वुझाउने घरधनी वा व्यवसायीलाई वार्षिक वहाल करको १० % छुट दिइने व्यवस्था कायमै राखिनेछ।

१९. राजश्व छली र चुहावट नियन्त्रणका लागि नियमित अनुगमन तथा सरोकारवालाहरुसँग सहकार्य गरिनेछ। करमा छलि गर्ने कार्यलाई कानुन वमोजिम निरूत्साहन गरिनेछ।

२०. नगरपालिकाभित्रका सार्वजनिक ऐलानी जग्गामा विगतदेखि व्यवसाय गरी बसेका व्यवसायीहरुलाई दीर्घकालिन हक भोग स्थापित नहुने गरी व्यवसाय दर्ताको अस्थायी इजाजत दिने प्रक्रिया अगाडि बढाइने छ।

२१. राजस्वको लक्ष्य र योजनालाई समयानुकुल बनाउन अन्तरपालिका समन्वय गरिने छ।

## २. सामाजिक विकास समिति तर्फका नीतिहरु:

**क. शिक्षा, युवा तथा खेलकुद**

२२. बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र गुणस्तरीय रूपमा सिकाउने नीतिको अवलम्बन गर्दै अनिवार्य तथा निःशुल्क शिक्षाको मौलिक हकलाई दिगो र प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२३. सामुदायिक विद्यालयहरूलाई उपलब्ध गराउँदै आएको विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्चको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४. विद्यार्थीहरूको अन्तरनिहित क्षमता प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलापलाई प्रभावकारी बनाइनेछ।

२५. कक्षा ११ र १२ मा मन्थली माध्यमिक विद्यालयमा विज्ञान विषय र रामेछाप बहुप्राविधिक शिक्षालयमा कृषि तथा पशु विज्ञान अध्ययनमा दिइदै आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२६. शिक्षकहरूको पेसागत क्षमता विकासका लागि आवश्यक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२७. विभिन्न विकास साझेदार संस्थाहरुसँग समेत साझेदारी गरी बाल विकास तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

२८. विद्यालयमा अभिभावकहरूको सक्रिय भूमिका सुनिश्चित गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. अटिजम तथा अन्य अपांगता भएका विद्यार्थीहरूको सहज सिकाइको लागि सोही विद्यालयका शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ।

३०. विद्यार्थीहरूमा सामाजिक सद्भाव र सेवाको भावना जागृत गराउन नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल र बाल समूहहरूलाई क्रियाशील गराइनेछ ।

३१. शैक्षिक कार्यपात्रो, विद्यार्थी कार्यसञ्चयिका तथा मूल्याङ्कनका अन्य साधनहरूको उत्पादन एवं वितरणको समुचित व्यवस्था मिलाइनेछ।

३२. पञ्च वर्षीय नगर शिक्षा योजनालाई कार्यान्वयनमा ल्याइनेछ।

३३. आधारभुत तह कक्षा ८ र एस.ई. ई. परीक्षामा ४ जीपीए प्राप्त गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार सहित सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४. विद्यालय दिवा खाजालाई स्थानीय उत्पादनमा आधारित हुनेगरी व्यवस्थापन गर्दै अभिभावकसँगको साझेदारीमा सामुदायिक विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यर्थीहरुलाई दिवा खाजा कार्यक्रम सुरुवात गरिनेछ।

३५. उच्च शिक्षा (स्वास्थ्य, कृषि, पशुविज्ञान) मा र अन्यमा विद्यावारिधि अध्ययन गर्ने दलित,सीमान्तकृत समुदायलाई प्राथमिकता दिई अन्य नगरवासीलाई प्रोत्साहन र सम्मानका कार्यक्रमहरु गरिने छ।

३६. राष्ट्रपति रनिङ शिल्ड तथा नगर कप भलिवल प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिईनेछ। जिल्ला र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा नगरपालिकाको प्रतिनिधित्व गर्दै पदक हासिल गर्ने खेलाडिहरुलाई सम्मान तथा प्रोत्साहन गरिने छ।

३७. नगर युवा परिषद र सरोकारवाला निकायहरुको समन्वयमा १४ वटै वडाका युवाहरुको नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ। साथै उद्यम विकास शाखाको समन्वयमा उद्यमशीलता तथा सीप विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**ख. स्वास्थ्य**

३८. मन्थली अस्पतालको व्यवस्थापन र विकासका लागि आवश्यकता अनुसारको प्रकृया अगाडि बढाईने छ।

३९. नगर भित्रका स्वास्थ्य सस्थाहरु मार्फत निःशुल्क वितरण गरिने ९८ किसिमका औषधीहरु, स्वास्थ्य बिमाको औषधिहरु, दिर्घरोगीहरु विपन्न वर्गलाई आवश्यकता अनुसार उपचारको व्यवस्था गरिनेछ।

४०. विपन्न वर्गलाई स्वास्थ्य विमाको क्षेत्रमा सहभागिता सुनिश्चित गराउन विमा सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने र तोकिएका लक्षित वर्गलाई दिदै आएको अनुदान रकमलाई निरन्तरता दिदै स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको घरपरिवारलाई समेत बिमा शुल्कमा ५०% अनुदान दिइने छ।

४१. "सुत्केरीसँग उपप्रमुख कार्यक्रम" सञ्चालन, छोरी जन्म/ सन्तति प्रोत्साहन कार्यक्रम सुत्केरी भेट कार्यक्रम, र जटिल प्रसुतिको लागि रेफरल फण्ड, निशुल्क एम्बुलेन्सको व्यवस्थापन, नेपाल रेडक्रस सोसाईटिसँगको सहकार्यकमा व्लड बैंकको व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

४२. महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई जिम्मेवारीप्रति प्रोत्साहन गर्न मासिक बैठक बापत दिईदै आएको यातायात र खाजा खर्चमा थप २५० रुपैयाँ वृद्धि गरिनेछ।

४३. म स्वस्थः मेरो समुदाय स्वस्थ भन्ने नाराका साथ लक्षित समुदायका नागरकिलाई प्राथमिकतामा राखी सबै नागरिकसँग घरदैलोमा स्वास्थ्यकर्मी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

४४. भैपरी आउने प्रकोप तथा महामारीलाई रोकथामको लागि आवश्यक व्यवस्था गरिनेछ।

४५. बढ्दै गईरहेको नसर्ने रोगहरुलाई लक्षित गरी "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" भन्ने नारालाई साकार पार्न आयुर्बेद कार्यक्रम, योग शिक्षा सहितका नागरिक आरोग्य कार्यक्रम कार्यान्वयन गरिनेछ।

४६. जटिल रोगलाई आधारमानि धुलिखेल अस्पतालसँगको सहकार्यमा मन्थली अस्पतालमा संचालनमा रहेको टेलिमेडिसिन स्वास्थ्य सेवालाई प्रभावकारि बनाई निरन्तरता दिईने छ।

४७. १४ वटै वडामा १ वडा १ योग केन्द्र र खुला व्यायामशाला निर्माणको प्रकृया अगाडि बढाइनेछ।

४८. किशोर-किशोरीमैत्री र पोषणमैत्री पालिका घोषणा गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिनेछ।

**ग. महिला, बालबालिका तथा समाजकल्याण**

४९. बालमैत्री स्थानीय शासनको दिगोपना तथा किशोरीहरुको सुरक्षा र संरक्षणका लागि बाल तथा किशोरी भेलाबाट माग भइ आएका योजनाहरुलाई प्राथमिकीकरण गरी निरन्तर रुपमा सञ्चालन गरिनेछ।

५०. बालमैत्री सहजकर्ताहरुका लागि समुदाय परिचालन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

५१. बालबालिकालाई प्रत्यक्ष असर पार्ने बालविवाह, बालश्रम, बालकुलत लगायतका विषयमा अन्तरनिकाय समन्वय गरी विषय केन्द्रित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५२. एकल महिला तथा महिला सशक्तिकरणका लागि सचेतना, सीपमूलक र प्रविधि हस्तान्तरण सम्वन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५३. हिंसा पीडित महिला तथा बालबालिकाहरुका लागि सञ्चालित अल्पकालिन सेवा केन्द्र (सेफहाउस)लाई व्यवस्थित रुपमा निरन्तर सञ्चालन गरिनेछ ।

५४. ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुको ज्ञान, सीप, क्षमता र अनुभवलाई पुस्तान्तरण हुन सक्नेगरी कार्यक्रम कार्यान्वयन गर्नुका साथै जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।

५५. दलित जनजाती तथा सिमान्तकृत गरिव घरपरिवारहरुको लागी शिप, क्षमता विकासका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

५६. अपाङ्गता भएका व्यक्तिहरुको मागका आधारमा समुदायमा आधारित पुनःस्थापना तथा जीवनयापनमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ. पञ्जिकरण**

५७. व्यक्तिगत घटना दर्ताको कार्य वडा स्तरबाटै अनलाइन प्रविधिबाट प्रविष्ट गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेख थप व्यवस्थित गरिनेछ ।

५८. बैकिङ्ग प्रणालीबाट वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा देखा पर्ने समस्याहरुलाई बैंकसँगको सहकार्य र समन्वयमा समाधान गर्दै लगिनेछ । लाभग्राहीलाई वडाको पायक पर्ने स्थानमा नवीकरणका लागि शिविर सञ्चालन गरिनेछ ।

## ३. आर्थिक विकास समिति तर्फः

आय आर्जन र उत्पादन विशेष कार्यक्रममा किसान, उद्यमी र समुदायको बढ्दो माग र सीमित स्रोत साधनलाई मध्यनजर गरी लागत साझेदारीका माध्यमबाट अधिकाधिक संख्यामा सेवा र विकासका लाभ पुर्याउनका लागि नगर तथा वडाबाट सञ्चालन हुने कुनै पनि वस्तुगत, नगद र कार्यक्रम अनुदान वितरण सम्बन्धी कार्यक्रममा एकरुपता ल्याउन प्रचलित नियम वा कार्यविधि भएमा सोही बमोजिम र नभएका हकमा व्यक्ति, फर्म वा समूहबाट कम्तिमा ४०% समुदाय र ६०% नगरपालिकाको लागत साझेदारी गर्ने गरी त्यस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**क. कृषि विकास**

५९. खाद्य सुरक्षा र पोषण सुधार गर्न वडा नं. २, ३, ५, ८ र १३ बाट सहुलियत दरमा मौसम अनुसारका तरकारीको बेर्ना उपलब्ध गराउने कार्यको शुरु गरी क्रमशः अन्य वडामा विस्तार गर्दै लगिनेछ ।

६०. धान बालीको बीउ उत्पादनमा साझेदारी र कृषकको माग बमोजिम खाद्यन्न बालीको उन्नत बीउ अनुदानमा उपलब्ध गराइनेछ ।

६१. उत्पादन लागत घटाई उत्पादकत्व बृद्धि गर्न कृषि यान्त्रीकरणमा जोड दिइनेछ । उत्पादक, उपभोक्ता र व्यापारी बीच अन्तरसम्बन्ध विस्तार गर्न नगरस्तरीय कृषि तथा लघु उद्यम प्रदर्शनी मेलालाई निरन्तरता दिइनेछ ।

६२. बाँझो जग्गाको सदुपयोग गर्दै युवालाई कृषि पेशामा संलग्न गर्न उच्च मूल्ययुक्त बालीको क्षेत्रफल विस्तारमा अनुदान र सुरुवाती लगानीको व्यवस्था मिलाइनेछ । सोइजन (Moringa) खेती विस्तार गर्न प्रति बोट रु.१० का दरले कृषकलाई नगद प्रोत्साहन उपलब्ध गराइनेछ । साथै आवश्यकता अनुसार बिउ समेत उपलब्ध गराईने छ ।

६३. कृषि बालीको जोखिम व्यवस्थापन गर्न बिमा, बाली संरक्षण, कृषक पाठशाला सम्बन्धी कार्यक्रमको व्यवस्था गरिनेछ । जलवायु परिवर्तनलाई मध्यनजर गर्दै रैथाने बालीको संरक्षण, प्रवर्द्धन तथा जलवायु अनुकूलन र माटो सुधार तथा परिक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. स्थानीय विशिष्टताको आधारमा एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिई वडाको पहिचान स्थापित गरिनेछ । कृषि पेशालाई मर्यादित र प्रतिस्पर्धी बनाउन उत्पादनमा आधारित अनुदान र उत्कृष्ट कृषकलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६५. किसान सूचीकरण प्रणालीमार्फत् वर्गीकरण गरिएका कृषकलाई कृषक परिचय पत्र वितरण र किसान पहिचान नम्बर लागू गर्ने कार्यको सुरुवात गरिनेछ ।

६६. कृषकको तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई डिजिटल प्रविधिमा समावेश गरिनेछ।

६७. स्थानीय कृषकको उत्पादनलाई छिटो छरितो रुपमा बिक्री गर्न कृषि एम्बुलेन्स सहित कृषि उपज बजार केन्द्र सञ्चालनमा ल्याईनेछ।

६८. उत्पादित उपजको ब्राण्डिङ तथा बजारीकरणलाई व्यवस्थित बनाउन मौलिक भान्छा घर, काठमाडौंको बानेश्वरको शनिबार हाटमा स्थानीय उत्पादन बिक्री गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

६९. प्रदेश सरकारले नगरपालिकालाई चिस्यान केन्द्र हस्ताणतरण गरे पश्चात सञ्चालन ल्याइने छ।

**ख. पशु विकास**

७०. मन्थली नगरपालिकाका दूध उत्पादक कृषकहरूलाई प्रोत्साहन गर्ने कृषकहरुलाई प्रतिलिटर विक्रीको आधारमा रु.दुई रुपैंयाँ पचास पैसा अनुदानलाई निरन्तरता दिइनेछ।

७१. उत्पादकत्व वृद्धिका लागि पशु आहारामा आत्मनिर्भरता बढाउन कृषकहरूलाई उन्नत जातको घाँसको बीउ तथा बेर्ना अनुदानमा उपलब्ध गराइनेछ।

७२. गाई, भैंसी र बाख्राको उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. मानव स्वास्थ्य र पशु कल्याण दुवैलाई मध्यनजर गर्दै नगरभित्र सञ्चालित मासु पसल, एग्रोभेट, दाना उद्योग तथा डेरी व्यवसायहरूको नियमित रूपमा अनुगमन गरी गुणस्तर र स्वच्छता कायम गरिनेछ।

७४. पशुपन्छीहरूमा लाग्ने सङ्क्रामक तथा महामारीजन्य रोगहरूको रोकथामका लागि प्रभावकारी खोप अभियान सञ्चालन गरिनेछ।

७५. प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधीहरू मातहतका पशु सेवा केन्द्रहरूबाट समेत सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

७६. सार्वजनिक स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखी सामुदायिक छाडा कुकुरहरूका लागि रेबिज विरुद्धको खोप र स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ।

७७. कृषकहरुको आयआर्जन वृद्धि गर्न वडा नं. ४ मा बाख्रा र वडा नं. १४ मा ट्राउट माछा प्रवर्द्धन गरिनेछ।

७८. नगरका कृषक तथा उद्यमीहरुलाई आवश्यक सीप विकास र तालिमको लागि सहकार्य गर्न ईच्छुक साझेदार निकायसँग सहकार्य गरिनेछ।

**ग. उद्यम विकास र उद्योग तथा वाणिज्य**

७९. उपमेयरसँग सीपमूलक र आयमूलक कार्यक्रम सञ्चालन गरी लघु, घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

८०. लघु तथा घरेलु उद्योग स्थापनाका लागि उद्यमीहरुलाई सरल ढङ्गबाट सहुलियत दरमा ऋण उपलब्ध गराउन आवश्यकता अनुसार राष्ट्रिय वाणिज्य बैङ्क मन्थलीसँग भएको सम्झौतालाई निरन्तरता दिइने छ।

८१. गरिवी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रमलाई निरन्तरता दिई लक्षित वर्गको मागको आधारमा सीप विकास तथा स्थानीय उत्पादन र बजारीकरणमा सहयोग पुग्ने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

८२. स्थानीय कच्चा पदार्थमा आधारित उद्यमहरुको कार्य प्रगतिको आधारमा बिउ पूँजीको ब्यवस्थापनका साथै उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणका लागि लेभलिङ, प्याकेजिङ र उत्पादित वस्तुहरुको स्तरोन्नतिमा सहयोग गरिनेछ।

८३. नगरस्तरीय उद्यमीहरूको क्षमता विकास, व्यवसाय प्रवर्द्धन तथा नयाँ उद्योग स्थापना र सञ्चालनका लागि विशेष प्रोत्साहन कार्यक्रम ल्याइनेछ। स्थानीय स्तरमा सञ्चालित साबुन उद्योग, हाते होजियारी जस्ता लघु तथा घरेलु उद्योगहरू सञ्चालनका लागि नगरको तर्फबाट ५० % प्रतिशत लागत साझेदारी गरी सञ्चालनमा ल्यानेछ।

८४. नगरपालिकाभित्रका महिला उद्यमीहरुको लागत साझेदारीमा चप्पल उद्योग स्थापना गर्न ५०% लागत साझेदारी गरिनेछ।

**घ. सहकारी**

८५. मन्थली नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूको लगानीलाई उपभोगमुखी क्षेत्रबाट उत्पादनमुखी, रोजगारमूलक तथा स्थानीय आर्थिक विकासका क्षेत्रमा रूपान्तरण गर्दै सहकारी क्षेत्रलाई नगरको समृद्धिको आधारस्तम्भका रूपमा विकास गर्दै लगिनेछ।

८६. प्रत्येक सहकारीलाई सुशासनमैत्री, प्रविधिमैत्री तथा वित्तीय अनुशासन कायम गर्ने, जोखिम व्यवस्थापन गर्ने गरी उत्पादनमुखी तथा उद्यमशीलता प्रवर्द्धनमा सहयोग र साझेदारी गरिनेछ।

८७. सहकारी एकीकरण तथा संस्थागत सुदृढीकरण गर्ने सहकारी शिक्षा सम्बन्धी तालिमका साथै अन्तर-सहकारी सहकार्य तथा सञ्जाल विस्तारमा सहयोग गरिनेछ।

८८. सहकारी संस्थाहरुमा कोपोमिस (COPOMIS) प्रणाली लागु गरी अभिलेखिकरण, तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदन प्रकाशन गरिनेछ।

८९. सहकारीको नीति अनुसार सञ्चालन भए नभएको अनुगमन गरी आएको प्रतिवेदन अनुसार सञ्चालनमा नआएका सहकारीलाई कानूनी कार्वाहिको दायरमा ल्याईने छ।

**ङ. सिंचाई**

९०. खेतीयोग्य जमिनमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ र भूमिगत सिंचाइमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

९१. कृषि क्षेत्रहरुमा सिंचाई विस्तार गर्न प्रदेश र संघीय सरकारसँग समन्वय तथा साझेदारी गरिनेछ।

९२. सामूहिक रुपमा उत्पादन गरिरहेका कृषकको खेतबारीमा सिंचाइ सुविधा उपलब्ध गराउन सरकार र समुदायको ५०/५० प्रतिशत लागत साझेदारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

**च. पर्यटन तथा भाषा कला संस्कृति**

९३. नगरपालिकाभित्र पहिचान भएका पर्यटकीय गन्तव्य स्थलहरुलाई थप व्यवस्थित बनाई आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।

९४. नगरपालिकाभित्रका होटल, यातायात र पर्यटन व्यवसायीहरूसँग सहकार्य गरी पर्यटकहरूको बसाइ दिन लम्ब्याउन 'मन्थली घुमौं' अभियान र विशेष प्याकेजहरू तयार गरिनेछ।

९५. प्रमुख पर्यटकीय स्थलहरूमा स्थानीय मौलिक भेषभूषा र संस्कृति तथा स्थानीय परिकारको प्रवर्द्धन हुने गरी होमस्टे सञ्चालन गर्न इच्छुक समुदाय वा उद्यमीहरूलाई लागत साझेदारीमा प्रोत्साहनका कार्यक्रमको सञ्चालन गरिनेछ।

९६. नगरपालिकाको मुख्य प्रवेशद्वार र केन्द्रको रूपमा रहेको देवकोटा चोकमा मन्थली नगर भित्रका प्रमुख पर्यटकीय, धार्मिक र सांस्कृतिक स्थलहरू झल्किने कलात्मक भित्तेचित्र निर्माण गरी प्रचार-प्रसार गर्ने र पर्यटकीय परामर्श कक्ष स्थापना गरिनेछ।

९७. रामेछाप विमानस्थल (मन्थली) मा रहेको मौजुदा सूचना तथा परामर्श कक्षलाई थप प्रविधिमैत्री, व्यवस्थित र प्रभावकारी बनाई सञ्चालन गरिनेछ।

९८. आन्तरिक तथा बाह्य पर्यटनकलाई मध्येनजर गर्दै तामाकोसी नदीमा सम्भावित साहसिक जलयात्रा सञ्चालन गर्ने व्यवसायीलाई आवश्यक सहजिकरण र प्रोत्साहन गरिनेछ।

**छ. रोजगार**

९९. रोजगार संवाद मञ्च गठन गरी आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

१००. पालिकास्तरीय योजनाहरुमा सूचीकृत बेरोजगारलाई प्राथमिकताको आधारमा रोजगारीमा खटिनु अघि अभिमुखीकरण गरी परिचालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गरिनेछ।

१०१. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई वैदेशिक रोजगारीका क्रममा आर्जित सीप, अनुभव तथा पूँजीलाई उद्यमशीलतामा जोड्दै आन्तरिक रोजगार प्रवर्द्धन गर्न उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

१०३. रोजगारदाता र रोजगार खोजकर्तालाई श्रम संसार प्रणालीमा आवद्ध गरी रोजगारका अवसरहरुमा पहुँच पुऱ्याउन सहयोग गरिनेछ।

१०४. श्रम बजारलाई व्यवस्थित र मर्यादित बनाउन राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली बमोजिम तह १ उत्तीर्ण भएका नगरभित्रका दक्ष श्रमिकहरूको कार्यगत जोखिमलाई न्यूनीकरण गर्न बीमामा लागत साझेदारीमा अनुदान उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ।

**ज. सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम**

१०५. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन अन्तर सरकार समन्वयमा सूचना केन्द्र सञ्चालनलाई निरन्तरता दिइनेछ।

१०६. वैदेशिक रोजगारीका क्रममा ठगीमा परेका वा अन्य विभिन्न समस्यामा परेका श्रमिक तथा तिनीहरुका परिवारलाई कानूनी एवं न्यायिक सहजीकरण, उद्धार, कल्याणकारी सेवा र नियमानुसार प्राप्त हुने क्षतिपूर्ति दिलाउन आवश्यक समन्वय एवं सहजीकरण गरिनेछ।

१०७. बैदेशिक रोजगारी तथा अन्य विभिन्न कारणले मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ।

१०८. वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणको अनुत्पादक क्षेत्रमा भएको खर्चलाई निरुत्साहित गरी उद्यमशीलता र स्वरोजगारमा परिचालन गराउन वित्तीय साक्षरता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०९. वैदेशिक रोजगारीबाट फर्किएका बुद्धिजीवी तथा श्रमिकहरूले विदेशमा आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई स्थानीय स्तरमै उपयोग गर्न आवश्यक प्रविधि, पूँजी र प्राविधिक सहयोग उपलब्ध गराइ उनीहरूको आर्थिक तथा सामाजिक पुनःस्थापनामा विशेष जोड दिइनेछ।

**झ. भूमि व्यवस्था**

११०. नगरपालिकाको भू-उपयोग मापदण्ड बमोजिम वर्गीकरण जग्गाको कित्ताकाटको क्रममा आईपर्ने समस्यालाई सरल र सहज बनाउँदै लैजान प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ।

१११. भूमि समस्या समाधान आयोगको समन्वयमा भूमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको पहिचान तथा व्यवस्थापनको लागि आवश्यक सहजीकरण गरिदै आएको कार्यलाई निरन्तरता दिइनेछ।

११२. नगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक, पर्ती तथा ऐलानी जग्गाहरूको विस्तृत लगत र विवरण सङ्कलन गरी डिजिटल सङ्ग्रह तयार गरिनेछ। सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण गरी त्यस्ता जग्गाहरूको संरक्षण, सम्वर्द्धन र पालिकाको हितमा उपयोग गरिनेछ।

११३. वडास्तरका कर्मचारीलाई GIS data, Land use mapping लगायतका क्षेत्रमा क्षमता अभिवृद्धि गरी भू-उपयोग वर्गीकरण सम्बन्धी तथ्याङ्क वडा कार्यालयबाट नै हेर्न सकिने व्यवस्था मिलाइनेछ।

११४. भू-उपयोग क्षेत्र वर्गिकरण र कित्तागत विवरण तथा सोको अभिलेख बीच सामञ्जस्यता कायम गर्न सम्बन्धित निकायसँग समन्वय गरी नक्सा, प्रतिवेदन र अन्य तथ्याङ्कको अभिलेख व्यवस्थित गरिनेछ।

## ४. पूर्वाधार विकासः

११५. "नगर, वडा र समुदाय साझेदारी- विकास निर्माणमा बराबरी" नीतिलाई नागरिकमैत्री बनाउन वडावाट आएका पूर्वाधारका आयोजनालाई नगरको ७० प्रतिशत र समुदायको ३० प्रतिशतको साझेदारी हुने र नगर र वडाको ५०-५० लागत साझेदारीमा कार्यान्वयन गर्ने गरी वडावाट प्रस्ताव गरिएका रु.१० लाखका योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११६. वडा केन्द्र जोड्ने सडक लगायत प्रमुख सडकहरुलाई सर्वकालिक र नियमित रुपमा सुचारु अवस्थामा रहनेगरी स्तरोन्नती र नियमित तथा आकस्मिक मर्मत कार्य गरिनेछ। निर्माण सम्पन्न भई सेवा सुचारु भएका सबै संरचना र योजनाको मर्मत सम्भार र यातायात सञ्चालनमा नगर र वडा दुवैको साझेदारीमा गरिनेछ।

११७. नगरका निर्माणाधिन भौतिक संरचनाहरुलाई बालमैत्री तथा अपांगमैत्री हुनेगरी निर्माण गर्ने र साविकको हकमा आवश्यकता अनुसार मर्मत/सुधार गर्दै लगिनेछ।

११८. पूर्वाधार निर्माणको हकमा रु २५ लाख भन्दा माथिका योजनामा ठेक्का विधिबाट र अन्यको हकमा कामको प्रकृति अनुसार खरिद विधि अवलम्बन गरिनेछ। र नगरमा आएको संघ प्रदेशका आयोजनाहरु नगरको नीति अनुसार नै सञ्चालन गरिने छ।

११९. नगरबाट तयार भएका गुरु योजना विस्तृत अध्ययन प्रतिवेदन अनुरुपका आयोजनाहरु कार्यान्वयनका लागि संघीय एवं प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

१२०. ढुंगा, गिट्टी, बालुवा उत्खन्नन हुने क्षेत्रहरुमा वातावरणीय अनुकुलनका लागि संरक्षणका कार्यक्रम गरिनेछ।

१२१. भवन निमार्ण तथा वस्ती विकासको कार्यलाई मापदण्ड अनुरुप भवन नक्शा पास हुने कार्यलाई थप व्यवस्थित गरिनेछ।

१२२. लिफ्ट खानेपानी प्रणालीलाई प्राथमिकतामा राखी अन्तर सरकार सहकार्यमा सुचारु गरिनुका साथै नयाँ निर्माण तथा मर्मत कार्यमा सहकार्य गर्दै योजना कार्यान्वयन गरिनेछ।

१२३. मन्थली नगरभित्र शुरु भएका संघ, प्रदेश, नगर वा अन्य निकायका योजनाहरुलाई तोकिएको समयसीमा भित्रै सम्पन्न गर्न सहजिकरण र समन्वय गरिनेछ।

१२४. सार्वजनिक जग्गा अतिक्रमण तथा सडकपेटी वा किनार मिच्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै सार्वजनिक जग्गा वा सडकसँग जोडिएका घर जग्गाधनीहरुले आ-आफ्नो हक भोगको अधिकार र क्षेत्रफलभित्र मात्र रहनका लागि नगर तथा वडा कार्यालयबाट सार्वजनिक सूचना मार्फत जानकारी गराइने छ।

१२५. निरन्तर सञ्चालनमा रहेको सडक क्षेत्रभित्र पर्ने व्यक्तिको नाममा दर्ता कायम रहेको जग्गाको लगत कट्टा गर्न आवश्यक प्रकृयाको थालनी गरिने छ।

## ५. वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः

१२६. भौगोलिक अवस्थितिका हिसावले नगरपालिकाको सबै वडा सुख्खा क्षेत्रमा पर्ने भएकाले सम्भाव्य स्थानमा पोखरी तथा आहाल निर्माण तथा मर्मत, खानेपानी मुहान संरक्षण र जलवायु अनुकुलनका अन्य कार्यक्रम गर्दा समुदाय तथा अन्तर निकायको समन्वय र साझेदारीमा गरिनेछ।

१२७. नदी र खोलामा जलजन्य दुर्घटनाबाट हुन सक्ने मानवीय क्षति न्यूनिकरणका लागि आपत्कालिन उद्दार-वोट खरिद गर्न अन्तर निकायसँग  समन्वयमा प्रकृया अगाडि बढाइने छ।

१२८. विपदको पूर्व तयारी र प्रतिकार्यका लागि संलग्न हुनुपर्ने जनशक्तिको क्षमता विकास गर्दै लगिनेछ। एम्वुलेन्स, शवबाहन, व्याक-हो लोडर र दमकल जस्ता साधनहरुको प्रभावकारी व्यवस्थापन र परिचालन गरिनेछ।

१२९. फोहरको उत्पत्ति स्थलमै कुहिने र नकुहिने छुट्याएर प्राङ्गारिक मल उत्पादन गर्ने गरी मन्थली-६ सेले बजार नजिक निर्माणाधिन फोहोर प्रशोधन केन्द्रलाई विस्तृत परियोजना प्रतिवेदन अनुसार अन्तर सरकार सहकार्यमा सम्पन्न गराउन पहल गरिनेछ।

१३०. नगरको विकास, आवास र कृषि प्रणालीमा देखापर्ने स्थानगत जोखिमलाई कम गर्न GIS Mapping सहितको संवेदनशील भू-उपयोग योजना निर्माण र कार्यान्वयन गरिनेछ।

## ६. न्यायिक समिति र कानून निर्माण तर्फः

१३१. कानून निर्माण प्रक्रियाका बारेमा जनप्रतिनिधिहरुको क्षमता विकासका साथै सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइनेछ।

१३२. न्यायिक समितिका पदाधिकारी र जिल्लाका न्यायिक, अर्ध-न्यायिक निकाय तथा अन्तर पालिकास्तरीय समन्वयात्मक वैठक र कार्यक्रम गरिनेछ।

१३३. न्यायिक समितिमा आउने उजुरीको नियमित र लक्ष्यित वर्गका लागि प्राथमिकताकासाथ निरन्तर सुनुवाईको व्यवस्था गरिनेछ।

१३४. वडास्तरका मेलमिलाप केन्द्रको व्यवस्थापन र क्षमता विकासमा सहयोग गर्दै लगिनेछ । मेलमिलापकर्ताहरुको प्रोत्साहनका लागि श्रम र सेवामा आधारित प्रोत्साहन रकमको व्यवस्था गरिनेछ।

१३५. हिंसापीडित असहाय महिलाको जीविकोपार्जनमा टेवा पुर्याउन उपप्रमुखसँग असहाय महिला कार्यक्रम सञ्चालन गरिनेछ।

१३६. जिल्लाभित्रका पालिका र अन्य जिल्लाका पालिकाका न्यायिक समितिको असल अभ्यास अनुशरणका कार्यक्रम सञ्चालन गरिनेछ।

१३७. जारी भएका कानूनको अभिलेखीकरण र सार्वजनिकीकरणका लागि कानुनी संग्रह प्रकाशन गरी सार्वजनिक गरिनेछ।

**अन्त्यमा,**

**नगर सभा सदस्यज्यूहरु,**

उल्लिखित नीति र यस अनुसार कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक पर्ने वजेटको विस्तृत विवरण सहितको प्रस्ताव चालु अधिवेशनमा उपप्रमुखज्यूवाट प्रस्तुत हुने कुरा जानकारी गराउँदछु। प्रस्तुत नीतिलाई चालु अधिवेशनबाट स्वीकृत गर्न र कार्यान्वयन गर्न नगरसभाका सबै नगर सभाका सदस्यज्यूहरुको रचनात्मक सुझाव र सिर्जनात्मक सहयोगको अपेक्षा गरेको छु। योजना तर्जुका सबै प्रक्रिया र चरणमा देखाउनु भएको उत्साह र सक्रीय सहभागितालाई कार्यान्वयनका क्रममा समेत यथावत रहने अपेक्षा गरेको छु। यसक्रममा सहयोग पुर्याउनु हुने सभाका सदस्यज्यूहरु र कर्मचारिहरुप्रति आभार सहित धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद**

८ असार २०८३, रोज २

लव श्रेष्ठ
नगर प्रमुख